

# ८ परमेश्वरको करार अर्थात उहाँसँग बाधिएको वाचा

***यस अध्यायका मूल पदहरू:*** नहेम्याह १०:१-२९, उत्पत्ति ४:८-१९, हिब्रू १३:२०, यहोशू २४, नहेम्याह १०:३०-३९ र हिब्रू ८:१-७।

***यस अध्यायको मूल सार पदः*** **"यी सबैको कारण हामी लिखित रूपमा यो वाचा वा करार बाँध्दैछौं, र हाम्रा अगुवाहरू, लेवीहरू र पूजाहारीहरूले सहीछाप लगाउँदैछन्। हामी हाम्रा परमेश्वरको भवनको वेवास्ता गर्दैनौं" (नहेम्याह ९:३८ र १०:३९को अन्तिम हरफ, रूपान्तरित)।**

बाइबलमा "करार वा बाचा" भन्ने शब्द प्रयोग गरिएको छ त्यसको अर्थ के हो त? परमेश्वर र उहाँका मानिसहरूको बीचमा भएको सम्बन्धलाई कानूनी मान्यता दिइनु नै करार वा बाचाको सरल व्याख्या हो। यसमा परमेश्वरले भनिरहनुभएको छ "तिमीहरू मेरा मानिसहरू हौ र म तिमीहरूको परमप्रभु परमेश्वर हुँ।" पौराणिक समयमा जब राजा वा अगुवाहरू र तिनीहरूका अधीनमा रहेका मानिसहरूको बीचमा सम्झौता हुन्थ्यो तब त्यसलाई लेखेर लालमोहर लगाइन्थ्यो।

दुवै समूहको हितलाई ध्यानमा राखेर करारहरू बाँधिन्थ्यो। अगुवाले उसका मानिसहरूलाई संरक्षण दिन्थ्यो भने मानिसहरूले त्यो अगुवालाई कर दिन्थ्ये। तर परमेश्वरको सन्दर्भमा बाधिएको करार फरक थियो। मानिसहरूसँग बाधिएको करार वा बाचा परमेश्वरको फाइदाको लागि भएको थिएन, तैपनि आफ्नो करारप्रति वचनवद्ध हुनेछु भनेर उहाँले प्रतिज्ञा गर्नुभएको थियो। परमेश्वरप्रति मानिस बफादार नभएतापनि तिनीहरूप्रति उहाँ बफादार हुने उहाँको प्रतिज्ञा थियो। तर करार वा बाचासँग आशिष र श्राप जोडिन

गएकोले जब इस्राएलीहरू खराबी गर्न पुग्थे तब तिनीहरूले करार तोडिरहेको अनुभूति तिनीहरूमा भएको हुनुपर्दछ।

परमेश्वरसँग गरिएको करार वा सम्झौता इस्राएलीहरूले नविकरण गरेको तथ्यलाई नहेम्याह १० अध्यायमा हेर्नेछौं साथै बाइबलमा करारको महत्त्व र त्यसको इतिहासको बारेमा पनि सामान्य ज्ञान हामी यस अध्यायमा लिनेछौं।

## १. करारको अवधारणा

**नहेम्याह ९:३६-३८मा लेखिएको छ "३६ हेर्नुहोस्, आज हामी दास भएका छौं। तपाईंले हाम्रा पुर्खाहरूलाई त्यसका फलहरू खान र त्यसका असल उब्जनीहरू उपभोग गर्नलाई दिनुभएको यही देशमा हामी दास भएका छौं। ३७ हाम्रा पापहरूले गर्दा त्यसका प्रशस्त उब्जनीहरू हामीमाथि प्रभुत्व गर्न तपाईंले खटाउनुभएका राजाहरूकहाँ जान्छन्। हाम्रा शरीर र हाम्रा पशुहरूमाथि उनीहरू आफूखुशी शासन गर्दछन्। हामी ठूलो सङ्कष्टमा परेका छौं। ३८ यी सबैको कारण हामी लिखित रूपमा यो वाचा बाँध्दैछौं, र हाम्रा अगुवाहरू, लेवीहरू र पूजाहारीहरूले सहीछाप लगाउँदैछन्।" नहेम्याह १०:१-२९ पढ्नुहोस्। परमेश्वरसँग कसले करार वा बाचा बाँध्दैछन् र कुन कारणले तिनीहरूले त्यस बाचामा आफूहरूलाई सुम्पिए? हेर्नुहोस्,**

**"१ सहीछाप लाउनेहरूमध्ये यिनै थिएः हकल्याहका छोरा राज्यपाल नहेम्याह, सिदकियाह, २ सरायाह, अजर्याह, यर्मिया, ३ पशहूर, अमर्याह, मल्कियाह, ४ हत्तूश, शबन्याह, मल्लूक, ५ हारीम, मरेमोत, ओबदिया, ६ दानिएल, गिन्नतोन, बारूक, ७ मशुल्लाम, अबिया, मियामीन, ८ माज्याह, बिल्गै, र शमायाह। यिनीहरूचाहिँ पूजाहारी थिए। ९ लेवीहरूः अजन्याहका छोरा येशूअ, हेनादादका छोरा बिन्नूई, कादमीएल, १० र तिनीहरूका दाजुभाइहरू शबन्याह, होदियाह, कलीता, पलयाह, हानान, ११ मीयका, रहोब, हशब्याह, १२ जक्कूर, शरेबियाह, शबन्याह, १३ होदियाह, बानी, र बनीनू। १४ मानिसहरूका अगुवाहरूः परोश, पहत-मोआब, एलाम, जत्तू, बानी १५ बुन्नी, अज्गाद, बेबै, १६ अदोनियाह, बिग्वै, आदीन, १७ आतेर, हिजकिया, अज्जूर, १८ होदियाह, हाशूम, बेजै, १९ हारीप, अनातोत, नेबै, २० मग्पीआस, मशुल्लाम, हेजीर, २१ मशेजेबेल, सादोक, यदूअ, २२ पलत्याह, हानान, अनायाह, २३ होशिया, हनन्याह, हश्शूब, २४ हल्लोहेश, पिल्हा, शोबक, २५ रेहूम, हशब्ना, मासेयाह, २६ अहिया, हानान, आनान, २७**

**मल्लूक, हारीम र बानाह। २८ बाँकी मानिसहरू- पूजाहारीहरू, लेवीहरू, द्वारपालहरू, गवैयाहरू, मन्दिरका सेवकहरू, र परमेश्वरका व्यवस्थाको खातिर आ-आफूलाई छिमेकका मानिसहरूबाट अलग गरेकाहरू, सबै आ-आफ्ना पत्नीहरू र छोराछोरीहरूसाथ जो बुझ्न सक्तछन्- २९ *तिनीहरू सबैले आफ्ना भारदार दाजुभाइहरूसित मिलेर परमेश्वरका दास मोशाद्वारा दिइएको परमेश्वरको व्यवस्था मान्न र परमप्रभु हाम्रा परमेश्वरका सबै आज्ञा, नियम र धर्म-विधिहरू पालन गर्न आफूमाथि सरापको बन्धन राखी शपथ खाए।"***

करारनाममा अगुवाहरूले मात्रै सहीछाप गरेतापनि बाँकी मानिसहरूले पनि परमेश्वरको व्यवस्थालाई पालन गर्न श्राप र सपथ खाएका थिए भनेर नहेम्याह १०:२८,२९मा उल्लेख गरिएको छ। परमेश्वरसँग सहमत भएर बाचा गर्न मानिसहरू किन उत्सुक भए त? यसको जवाफ थाहा पाउन बाइबलको सुरूमा उल्लेख गरिएको करार वा बाचाको बारेमा जान्न जरुरी छ।

करार वा बाचा परमेश्वरको निम्ति महत्त्वपूर्ण छ किनकि पापी मानिस जातिसँग सम्वन्ध राख्न यो उहाँको कदमको कथाको एक भाग हो। मानिसहरूसँग सम्बन्ध राखिराख्ने परमेश्वरको तीब्र चाहनालाई यस करारको अवधारणाले स्पष्ट पार्दछ। परमेश्वरमा आफ्नो जीवन समर्पण गरेर जिएको छ वा छैन भन्ने कुरा उहाँसँग गरिएको बाचा वा करारले स्पष्ट पार्दछ।

उत्पत्ति १ र २मा उल्लेख गरिएको बाइबलीय सृष्टिको कथाले पहिलो मानव कसरी सृष्टि भयो भनेरमात्रै बताउँदैन तर तिनीहरूको आपसी सम्बन्ध र परमेश्वरसँगको सम्बन्धलाई पनि बताउँदछ। तर पापको प्रवेशले मानिस र मानिसको बीचको सम्बन्ध र परमेश्वरसँगको सम्बन्धलाई टुक्राइ दियो। सृष्टिको उद्देश्यलाई धुजाधुजा पार्न पाप यो संसारमा प्रवेश भएको हो। परमेश्वरले बाँच भनेर दिनु भएको आशिशलाई पापले मर भनेर हुकुम दिँदछ।

आदमको बंश दुई भागमा बिभाजित भएको थियो। उनको जेठो छोरो कयनले आफ्नो भाइलाई मारेर (उत्पत्ति ४:८-१९) परमेश्वरको वचन पालन गर्न नचाहने जनसमूहमा आफूलाई समाहित गरे भने सेथको बंशले परमेश्‌वरलाई अंगाल्ने (उत्पत्ति ५:३-२४) जनसमूहमा आफूलाई समाहित गरेका थिए। कयनको बंशमा आदमको सातौं पिँढी लामेकले (उत्पत्ति ४:१७-१९) बहुबिबाह गर्ने प्रचलन भित्र्याए। कयनको बंशमा हिंशा र बदलाले ठाउँ पाएको थियो भने त्यसको बिपरीत सेथको बंशले परमेश्वरप्रति बफादार रहेर सदाचारपूर्ण जीवनशैली अपनाएका थिए। सेथको बंशमा परमेश्वरप्रति अत्यन्तै

भक्ति देखाउने सन्तानहरू थिए। सेथको सातौं पिढीमा हनौकको नाउँ उल्लेखनीय छ। उनी परमेश्वरसँगसँगै हिँड्थे (उत्पत्ति ५:२४)। यस संसारबाट हनौक परमेश्वर सँगसँगै हिँड्ने क्रममा उहाँले उनलाई आफूसँगै ज्यूँदै स्वर्गमा लानु भएको थियो।

दुर्भाग्यवस, यस पृथ्वीका मानिस जातिले परमेश्वरलाई भन्दा खराब तत्वहरूलाई अंगालेर बस्न रुचाएको पाइन्छ। परमेश्वरप्रति बफादार हुने मानिसहरूको समूह साँगुरिंदै गएको थियो। पापको ज्यादतिले गर्दा मानव जातलाई आफ्नो पुत्र पठाएर उद्धार गर्ने वचन झिनो वा झण्डै निलम्बन हुन खोजेको थियो। आदमको सन्तानमा नै जन्मिने प्रतिज्ञाको बिऊ अर्थात् आउने उद्धारकर्ता नआउने परिस्थितिमा पुग्नु भएको थियो। पापको ज्यादतीले गर्दा त्यसलाई हटाउन परमेश्वरले यो संसारमा जलप्रलयद्वारा हस्तक्षे गर्नुभयो। जल प्रलयले यो सुन्दर सृष्टिलाई तहसनहस पारेको थियो। जलप्रलयको बिध्वंस जीवनको बिपरीत थियो। मानिसले नै भ्रष्ट पारेको संसारलाई अति वा अत्याचार भयो भनेर परमेश्वरले जलप्रलय ल्याउनु भएको थियो (उत्पत्ति ६:११-१३)।

**पापको विध्वंस्त गर्ने शक्तिको वास्तविकतालाई के तपाईंले आफ्नै व्यक्तिगत जीवनमा अनुभव गर्नुभएको छ? पापसँग लड्ने केवल एउटै मात्र शक्ति छ त्यो के हो? हामी देनिक जीवनमा पापसँग मुकाबिला गरेर कसरी जिइरहन सक्दछौं?**

## २. इतिहासमा करार

जलप्रलयपछि फेरि नयाँ परिवारबाट यो संसार सुरु गर्नुभयो। त्यो परिवार थियो नोहा र त्यसपछि आएका उनका सन्तानहरू। तिनीहरूसँग पनि परमेश्वरले आफ्नो सम्वन्ध स्थापना गर्ने प्रयास गर्नुभयो। बाचा वा करारकै मूल अबधारणाबाट परमेश्वरले मानिसहरूसँग सम्बन्ध राख्न खोज्नुभएको थियो। परमेश्वरले मानिसहरूसँग गर्नुभएको सात मुख्य करारहरू बाइबलमा उल्लेख गरिएको छः प्रथम करार आदमसँग (उत्पत्ति १-३, दोस्रो करार नोहासँग (उत्पत्ति ६-९), तेस्रो करार अब्राहमसँग (उत्पत्ति १२:१-३), चौथो करार मोशा र इस्राएली राष्ट्रसँग प्रस्थान (१९-२४), पाँचौ करार फिनिहाससँग (गन्ती २५:१०-१३), छैठौं करार दाउदसँग (२ शमूएल ७:५-१६) सातौं चाहीं नयाँ करार (यर्मिया ३१:३१-३४)।

देहायका केही पदहरूलाई सधैंको वा अनन्तको करार वा बाचा भनेर उल्लेख गरिएको छ। त्यसको अर्थ के हो? हेर्नहोस्, उत्पत्ति ९:१६ "जुन बेला बादलमा इन्द्रेनी देखा पर्छ, म त्यो हेरेर यो सधैंको करारलाई सम्झनेछु, जो परमेश्वर र पृथ्वीका सबै जीवित-जीवातसँग बाँधिएको छ। ", उत्पत्ति १७:७ "तिमी र तिमीपछिका तिम्रा सन्तानका परमेश्वर हुनलाई मेरो करार मेरो र तिम्रो र तिमीपछिका तिम्रा सन्तानहरूका बीचमा युग-युगसम्म स्थापित गर्नेछु।", यशैया ५५:३ "कान थाप, र मकहाँ आओ। सुन, ताकि तिमीहरूको प्राण जिओस्। म तिमीहरूसित अनन्त करार बाँध्नेछु, दाऊदलाई प्रतिज्ञा गरेको मेरो विश्वासको प्रेम।" र हिब्रू १३:२०,२१ "२० अब भेंडाका महान् गोठाला हाम्रा प्रभु येशूलाई अनन्त करारको रगतद्वारा मृत्युबाट जीवित पार्नुहुने शान्तिका परमेश्वरले २१ तिमीहरूलाई हरेक असल गुणले सिद्ध पारून्, र तिमीहरूले उहाँको इच्छा पूरा गर्न सक। जे परमेश्वरलाई मनपर्दो छ येशू ख्रीष्टद्वारा उहाँले तिमीहरूमा गरून्। उहाँको महिमा युगानयुग भइरहोस्। आमेन।"

अनन्त, युगौयुग, सदा रहिरहने करार बाइबलमा १६ पल्ट उल्लेख गरिएको छ। ती १६मा १३वटा करारचाहिँ विशेष गरेर व्यक्तिगत मानिसहरूसँग गर्नुभएको थियो। तिनीहरूमा अब्राहम, सिनै पहाडमा मोशा र इस्राएलीहरू र दाउद थिए। प्रत्येक करारमा "अनन्तको करार" भन्ने छाप लागेको थियो। अनन्तको सुसमाचार पहिलो उत्पत्ति ३:१५मा घोषणा गरिएको थियो अनि बाइबलभरि परमेश्वरको अनन्तको करार कुनै न कुनै रूपमा प्रकट गरिएको थियो। अनन्त भन्ने शब्द र जोडिएको करारको अर्थ एउटै हो। हरेक क्रमवद्धरूपमा उल्लेख गरिएको करारमा परमेश्वरको प्रेम र उहाँले उपलब्ध गराउनुभएको मुक्तिको योजनालाई पूर्णरूपमा व्याख्या गरेर हामीलाई प्रकट गरिएको छ र त्यसप्रतिको ज्ञानले हामीलाई गहिऱ्याइमा पुऱ्याउँछ। कतिपय समयमा नयाँ र पुरानो करार भनेर छुट्याइएको हुन्छ, ती कराहरूमा उल्लेख गरिएका तत्वहरू एकै खालका छन्। १. हामीलाई चोखो वा पवित्र बनाउनेः "म मेरो व्यवस्थालाई तिनीहरूको दिमागमा राखिदिनेछु र तिनीहरूको हृदयका पानाहरूमा लेखिदिनेछु (यर्मिया ३१:३३, "परमप्रभु भन्नुहुन्छ, ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, अनि तिनीहरू मेरा जनहरू हुनेछन्।"हिब्रू ८:१०), २. परमेश्वरसँग पुनर्मिलन "म तिनीहरूको परमेश्वर हुनेछु र तिनीहरू मेरा

जनहरू हुनेछन्" (यर्मिया ३१:३३, हिब्रू ८:१०), ३. करारको लक्ष्य एउटै हो "परमप्रभुलाई चिन" भनेर अब उसो कुनै मानिसले आफ्नो छिमेकीलाई वा आफ्ना दाजुभाइलाई सिकाउनेछैन। किनकि सानादेखि लिएर ठूलासम्म तिनीहरू सबैले मलाई चिन्नेछन्, " परमप्रभु भन्नुहुन्छ। "किनकि तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु, र म तिनीहरूका पाप फेरि कहिल्यै सम्झनेछैनँ।" यर्मिया ३१:३४, हिब्रू ८:११) र ४. पापबाट निर्दोष ठहऱ्याउने "किनकि तिनीहरूका अपराधहरू म क्षमा गर्नेछु, र म तिनीहरूका पाप फेरि कहिल्यै सम्झनेछैनँ। " यर्मिया ३१:३४, हिब्रू ८:१२)।

## ३. करारको बनावट वा ढाँचा

बाइबलमा उल्लेख गरिएको करार जुन ढाँचामा गरिएको थियो त्यो त्यसबेलाको सभ्यताले मान्यता पाए अनुसार नै विशेष प्रकारको थियो भनेर बाइबलका विद्वानहरू बताउँछन्। अहिले लोप भइसकेको पौराणिक हिट्टाइट सभ्यताका मानिसहरूले पनि त्यहीँ ढाँचा अपनाएर करार बाँध्थे। अर्थात परमेश्वरले मानिसहरूसँग सम्पर्क त्यस ढाँचामा गर्नुभएको थियो जुन त्यसबेलाका संस्कृति र सभ्यताका मानिसहरूले बुझ्न सक्थे।

दुई समूहको बीचमा गरिने करार पौराणिक इस्राएलमा यी भागहरू थिएः भूमिका वा प्रस्तावना (परमेश्वर को हुनुहुन्छ भनेर उल्लेख गरिनु), ऐतिहासिक पृष्ठभूमि (बिगतको सम्बन्धलाई परिभाषित गर्नु वा सम्झना गराउनु), व्यवस्था वा परमेश्वरका नीति निर्देशनहरू पालन गर्ने कबुल वा भाखा, आशिष र श्रापहरू, गवाही, र करार बाँधिएको थियो भनेर देखाउने कुनै चिन्ह वा विशेष प्रावधान। यसरी त्यसबेलाका मानिसहरूले बुझ्ने गरि परमेश्वरले इस्राएलीहरूसँग करार बाँध्नुभएको थियो।

उदाहरणको लागि जस्तै, व्यवस्थाको पुस्तकको सम्पूर्ण भाग करारको रूपमा लेखिएको थियो। मोशाले परमेश्वरका जनहरूलाई तिनीहरूको परमेश्वरसँग नयाँ करार वा वाचा गरेर उहाँसँग सम्बन्ध स्थापना गर्न आह्वान गरेका थिए। व्यवस्थाको पुस्तकमा उल्लेख गरिएको करारमा देहायका भागहरू थिएः (१) भूमिका वा प्रस्तावना (व्यवस्था १:१५), (२) ऐतिहासिक पृष्ठभूमि (व्यवस्था १:६४:४३), (३) व्यवस्था वा परमेश्वरले दिनुभएको नीतिनिर्देशनहरू पालन गर्नुपर्ने कबुल वा भाषा वा शर्त (व्यवस्था ४:४४-२६:१९), (४) आशिषहरू र श्रापहरू (व्यवस्था २७३०), (५) करार बाँध्ने

बेलामा उपस्थित भएका गवाही वा साक्षीहरू (व्यवस्था ३०:१९) र अन्तमा (६) करार कार्यान्वयन गर्नको निम्ति विशेष व्यवस्था (व्यवस्था ३१:९१३)।

यस्तै खालको करार यहोशू २४मा पनि उल्लेख गरिएको छ। माथि उल्लेख गरिएका करारका ढाँचा वा बनावटहरू यस अध्यायमा कसरी प्रकट गरिएको छ? हेर्नुहोस्: "१ यहोशूले इस्राएलका सबै कुलहरूलाई शकेममा एकसाथ भेला गरे। उहाँले इस्राएलका बुढापाका, अगुवा, न्यायकर्ता र भारदारहरूलाई बोलाए र तिनीहरू सबै जना परमेश्वरको सामुन्ने हाजिर भए। २ यहोशूले सबै मानिसहरूलाई भने, "परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ, "धेरै वर्षअघि तिम्रा पुर्खाहरू यूफ्रेटिस नदीको पल्लोपट्टि बास गर्थे र अरू देव-देवता पुज्दथे। ती पुर्खाहरूमध्ये एक जना अब्राहाम र नाहोरका बुबा तेरह थिए। ३ तब यूफ्रेटिस पारिका देशबाट मैले तिम्रा पुर्खा अब्राहामलाई निकालें र सारा कनान देशमा चारैतिर डोऱ्याएर लगें। मैले त्यसलाई धेरै सन्तान दिएँ। त्यसलाई इसहाक दिएँ ४ र इसहाकलाई याकूब र एसाव दिएँ। मैले एसावलाई एदोमीको पहाडी देश दिएँ तर तिम्रा पुर्खा याकूब र त्यसका बालबच्चा मिश्रमा गए। ५ पछिबाट मैले मोशा र हारूनलाई पठाई मिश्रमा ठूल्ठूला विपत्ति ल्याएँ। तर मैले तिमीहरूलाई चाहिँ निकाली ल्याएँ। ६ मैले तिम्रा पुर्खाहरूलाई मिश्रबाट निकाली ल्याएँ अनि मिश्रीहरूले रथ र घोडचढी सेना लिएर तिनीहरूलाई खेदे। तर जब तिम्रा पुर्खाहरू लाल समुद्रमा पुगे, ७ तिनीहरूले मलाई मद्दतको निम्ति पुकारे अनि मैले तिनीहरू र मिश्रीहरूका बीचमा अन्धकार पारें। समुद्र फर्काई मिश्रीहरूलाई मैले डुबाउन लाएँ। मिश्रलाई मैले के गरें, सो तिमीहरूले आफ्नै आँखाले देख्यौ। धेरै दिनसम्म तिमीहरू उजाड-स्थानमा रह्यौ। ८ तब मैले तिमीहरूलाई यर्दनको पूर्वपट्टि बास गर्ने एमोरीहरूका देशमा ल्याएँ। तिनीहरू तिमीहरूसित लड्न आए; तर मैले तिमीहरूलाई तिनीहरूमाथि विजय दिएँ। तिमीहरूले तिनीहरूको देश जित्यौ र तिमीहरू बढेर जाँदा मैले तिनीहरूलाई नाश पारें। ९ त्यसपछि मोआबका राजा सिप्पोरको छोरो बालाक तिम्रा विरुद्धमा लड्यो। त्यसले बओरको छोरो बालामलाई खबर पठाएर तिमीहरूलाई सराप दिन लायो। १० तर मैले बालामलाई सराप्न दिइनँ र त्यसले तिमीहरूलाई आशीर्वाद दियो। यसरी तिमीहरूलाई बालाकका हातबाट बचाएँ। ११ तिमीहरू यर्दन पार गरी यरीहोमा आयौ। एमोरी, परिज्जी, कनानी, हित्ती, हिव्वी, गिर्गाशी र यबूसीहरू, यरीहोका पुरुषहरू तिम्रा विरुद्धमा लडे। तर मैले तिनीहरू सबैमाथि तिमीहरूलाई विजय दिएँ। १२ तिमीहरू अघि बढेर

जाँदा मैले तिनीहरूलाई थरहरी पारें र दुई एमोरी राजाहरूलाई धपाएँ। त्यसमा तिम्रा तरवार र धनुहरूले केही काम गर्नुपरेन। १३ तिमीहरूले आफ्नै हातले कहिल्यै अन्न नरोपेको देश र नबनाएका सहरहरू मैले तिमीहरूलाई दिएँ। अहिले तिमीहरू त्यहाँ बास गरिरहेका छौ र आफूले नरोपेका दाखको बोटबाट दाख र जैतुनका बोटहरूबाट फल खाइरहेका छौ।"

१४ "यसकारण अब, " यहोशूले भन्दै गए, "परमप्रभुलाई आदर गर अनि विश्वासयोग्य र इमानदारीसाथ उहाँको सेवा गर। तिम्रा पुर्खाहरूले मेसोपोटामिया र मिश्रमा पुज्ने गरेका देव-देवताहरू हटाओ र केवल परमप्रभुको मात्र सेवा गर। १५ तिमीहरू परमप्रभुको सेवा गर्न राजी छैनौ भने कसको सेवा गर्ने, मेसोपोटामियामा तिम्रा पुर्खाहरूले भजेका देव-देवताहरूको कि अहिले तिमीहरूले बास गर्दैगरेका एमोरी देशका देव-देवताहरूको? आजै निश्चय गर। म र मेरा परिवारले चाहिँ परमप्रभुकै सेवा गर्नेछौं।" १६ मानिसहरूले जवाफ दिए, "अरू देव-देवता भज्न भनी हामी परमप्रभुलाई कहिल्यै त्याग्नेछैनौं १७ परमप्रभु हाम्रा परमेश्वरले हामी र हाम्रा बुबा-बाजेलाई मिश्रको दासत्वबाट निकाली ल्याउनुभयो। हामीले उहाँले गर्नुभएको उदेकका कामहरू देख्यौं। हामीले पार गरी आएका भिन्न-भिन्न जातिहरूका देशमा जहाँ हामी गयौं उहाँले हामीलाई कुशल राख्नुभयो। १८ हामी यस देशभित्र पसेर आउँदा परमप्रभुले यहाँ बास गर्ने सबै एमोरीहरूलाई धपाउनुभयो। यसकारण हामी पनि परमप्रभुको सेवा गर्नेछौं, उहाँ हाम्रा परमेश्वर हुनुहुन्छ।" १९ यहोशूले मानिसहरूलाई भने, "तर सायद तिमीहरू परमप्रभुको सेवा गर्न नसकौला। उहाँ पवित्र परमेश्वर हुनुहुन्छ र तिम्रा पाप उहाँले क्षमा गर्नुहुन्न होला। आफूसित जोरी खोज्ने कसैलाई उहाँ सहनुहुन्न। २० विदेशी देव-देवताहरूको सेवा गर्नलाई तिमीहरूले उहाँलाई त्याग्यौ भने उहाँ तिमीहरूको विरुद्धमा हुनुहुनेछ र तिमीहरूलाई सजाय दिनुहुनेछ। अघि उहाँले तिमीहरूको भलाइ नै गर्नुभए तापनि तिमीहरूलाई नाश पार्नुहुनेछ।" २१ मानिसहरूले यहोशूलाई भने, "होइन, हामी परमप्रभुकै सेवा गर्नेछौं।" २२ यहोशूले तिनीहरूलाई भने, "तिमीहरू परमप्रभुको सेवा गर्नेछौ भन्ने कुराका साक्षी तिमीहरू आफैं भएका छौ।" तिनीहरूले भने, "हजुर, हामी आफैं नै साक्षी छौं।" २३ यहोशूले भने, "त्यसो भए आफूसित भएका विदेशी देव-देवताहरू हटाओ र परमप्रभु इस्राएलका परमेश्वरलाई आफ्नो भक्ति दिने वाचा गर।" २४ तब मानिसहरूले यहोशूलाई भने, "हामीले परमप्रभु हाम्रा परमेश्वरको सेवा गर्नेछौं। हामी उहाँका आज्ञापालन गर्नेछौं।"

२५ यसकारण यहोशूले मानिसहरूका पक्षमा त्यो दिन एउटा करार बाँधे र त्यहाँ शकेममा तिनीहरूलाई नियम-कानुनहरू मान्न भनी दिए। २६ यहोशूले ती आज्ञाहरू परमप्रभुको पवित्र नियमको पुस्तकमा लेखे। त्यसपछि तिनले एउटा ठूलो ढुङ्गा लिएर, फलाँटको रूखमुनि परमप्रभुको पवित्र-स्थानमा खडा गरे। २७ तिनले मानिसहरूलाई भने, "यो ढुङ्गा हाम्रो साक्षी हुनेछ। परमप्रभुले हामीलाई भन्नुभएको सबै कुरा यसले सुनेको छ। यसकारण यो तिम्रो विरुद्धमा साक्षी रहनेछ। तिमीहरूलाई आफ्ना परमेश्वरको विरुद्धमा जानदेखि रोक्नेछ।" २८ त्यसपछि यहोशूले सबै मानिसहरूलाई बिदा गरे र सबै जना आ-आफ्नो भागमा परेका ठाउँमा फर्की गए। २९ त्यसपछि परमप्रभुको सेवक नूनको छोरो यहोशू एक सय दश वर्षको उमेरमा मरे। ३० गाश पहाडको उत्तरमा एफ्राइमको पहाडी देशमा, तिम्नथ-सेरहको उनको आफ्नै जमिनमा तिनीहरूले उनको लाश गाडे। ३१ यहोशूको प्राण रहुञ्जेलसम्म इस्राएलका मानिसहरूले परमप्रभुको सेवा गरे अनि उनको मृत्युपछि परमप्रभुले इस्राएलका लागि गर्नुभएको सबै कुरा आफ्नै आँखाले देख्ने अगुवाहरू जहिलेसम्म जीवित थिए त्यतिञ्जेलसम्म तिनीहरूले त्यसरी नै परमप्रभुको सेवा गरे। ३२ मिश्रबाट ल्याएको योसेफको लाश इस्राएलीहरूले शकेममा गाडे। त्यो जमिन शकेमका बुबा हमोरका छोराहरूबाट एक सय वटा चाँदीका टुक्रामा याकूबले किनेका थिए। त्यो जमिन योसेफका सन्तानले पैतृक-सम्पत्तिको रूपमा पाएका थिए। ३३ हारूनका छोरो एलाजार पनि मरे र गिबामा गाडिए। त्यो सहर एफ्राइमको पहाडी देशमा तिनको छोरो पीनहासलाई दिइएको थियो।"

करारको स्वरुपमा भएको यो अध्यायको सुरूको प्रस्तावनामा परमेश्वर “इस्राएलका परमप्रभु" (यहोशू २४:२ रूपान्तरित) भनेर उल्लेख गरिएको छ। अनि इस्राएलीहरूलाई तिनीहरूको इतिहासको पृष्ठभूमि उल्लेख गर्दै परमेश्वरले बिगतको समयमा तिनीहरूलाई के गर्नुभयो भनेर विगतको याद दिलाउँछन् (यहोशू २४:२१३)। त्यो इतिहासको विवरणपछि व्यवस्था र नीतिनिर्देशनको बारेमा वर्णन गरिएको छ (यहोशू २४:१४,१५ र २३), आशिष र श्रापहरू उल्लेख गर्दछन् (यहोशू २४:१९,२०), गवाही वा साक्षीहरू को हुन् भनेर पहिचान गराउँछन् (यहोशू २४:२२,२७) अनि करार बाँधिएको भनेर देखाउन विशेष व्यवस्था मिलाइन्छ (यहोशू २४:२५,२६)। यहाँ हामी करारको आधारभूत ढाँचा वा वनावट प्रयोग गरेर इस्राएलीहरूलाई जानकारी दिएको पाउछौं। विगतको समयमा परमेश्वरले तिनीहरूलाई कसरी अगुवाई गर्नुभयो

भनेरमात्र होइन तिनीहरूले करारलाई थामी राख्न तिनीहरूले के गर्नुपर्छ भनेर पनि यहोशूले स्पष्ट पारेका छन्।

यहोशू २४:१५ले एउटा कुरामा प्रतिवद्धता जनाउँदै अत्यन्तै निर्णायक प्रश्न गरेर इस्राएलीहरूलाई सम्बोधन गरेको छ। उनको त्यो प्रतिवद्धता र प्रश्न वर्तमान युगमा पनि किन सान्दर्भिक छ? (असल स्वविवेकको स्वतन्त्रता, कसैले कसैलाई करकाप वा प्रलोभन देखाएर अथवा जबरजस्ती धर्म परिवर्तन वा परमेश्वरप्रतिको आस्था जगाउने अवधारणालाई बाइबलले अनुमोदन गर्दैन भनेर यहोशूको अभिव्यक्तिले कसरी खुलासा गरेको छ?अनुवादकको थप जिज्ञासा)। हेर्नुहोस्, " तिमीहरू परमप्रभुको सेवा गर्न राजी छैनौं भने कसको सेवा गर्ने, मेसोपोटामियामा तिम्रा पुर्खाहरूले पुजेका देवी-देवताहरूको कि अहिले तिमीहरू बास बसिरहेका एमोरी देशका देवी-देवताहरूको? आजै निश्चय गर।तर म र मेरा परिवारले चाहिँ परमप्रभुकै सेवा गर्नेछौं।"

## ४. प्रतिज्ञा वा शपथ

परमेश्वर र इस्राएलीहरूको बीचमा भएको करार वा बाचाको नविकरण गर्ने सिलसिलामा इस्राएलीहरूले शपथ खाएका थिए। त्यो सपथमा मूल चारवटा प्रतिवद्धताहरू छन्। ती के के हुन्? हेर्नुहोस्, नहेम्याह १०:३०-३९ " ३० हाम्रा देशमा बास गर्ने विदेशी मानिसहरूसँग हामी अन्तरजातीय बिहावारी गर्नेछैनौं। ३१ ती विदेशीहरूले विश्रामका दिन वा अरू पवित्र दिनमा बेच्नलाई ल्याएका अन्न वा अरू वस्तुहरू हामी किन्नेछैनौं। हरेक सातौं वर्ष हामी जमिनमा अन्न लाउनेछैनौं र सबै ऋण छोडिदिनेछौं। ३२ वर्षेनी मन्दिरको खर्च चलाउन हामी प्रत्येकले करिब ५ ग्राम चाँदी दिनेछौं। ३३ मन्दिरको सेवाको निम्ति पवित्र रोटी, दैनिक अन्नबलि, होमबलिको लागि पशुहरू, विश्रामको दिन, औंसी र अरू चाड-पर्वमा चाहिने भेटीहरू, इस्राएलको प्रायश्चितका निम्ति पापबलि र अरू मन्दिरलाई चाहिने पदार्थहरू हामी दिनेछौं। ३४ व्यवस्थामा लेखेअनुसार बलि चढाउँदा चाहिने दाउरा इस्राएलका वंशले पालैपालो गरेर वर्षेनी दिनेछन्। पूजाहारी, लेवी र मानिसहरू सबै मिली, चिट्ठा हालेर, कुन वंशले दाउरा दिने हो, त्यो हामी वर्षेनी खटाउनेछौं। ३५ वर्षेनी आफ्ना जमिनमा बटुलेका पहिला अन्न र रूखमा फलेका अगौटे फलहरू मन्दिरमा परमेश्वरलाई चढाउनेछौं। ३६ हाम्रा परिवारमा जन्मेका जेठा छोरा व्यवस्थाअनुसार मन्दिरमा पूजाहारीकहाँ लगेर परमेश्वरलाई अर्पण गर्नेछौं। त्यसरी नै गाई-वस्तुका पहिला

**बाछो र भेडा-बाख्राका पहिला पाठा हामी अर्पण गर्नेछौं। ३७ वर्षेनी आफ्नो जमिनको पहिलो अन्नदेखि तयार गरेर मुछेको पिठो र हामीले चढाउनुपर्ने भद्राक्षको तेल, दाखमद्य र सबै प्रकारका फलहरू मन्दिरमा पूजाहारीकहाँ टक्र्याउनेछौं। गाउँमा दशौं हिस्सा उठाउन खटिएका लेवीहरूलाई हामी आफ्ना जमिनका उब्जनीको दशौं भाग दिनेछौं। ३८ दशौं हिस्सा उठाएको बेलामा हारून वंशका पूजाहारीहरू लेवीहरूसँग रहनेछन् र यसरी सङ्ग्रह गरेका दशौं हिस्साको भागबाट अर्को दशौं भाग निकाली ती लेवीहरूले मन्दिरमा चलाउनका लागि मन्दिरको ढुकुटीमा जम्मा गर्नेछन्। ३९ भेटीमा सङ्ग्रह भएका अन्न, दाख-मद्य र भद्राक्षको तेल, इस्राएली र लेवीहरूको मन्दिरको ठूल्ठूला कोठामा जम्मा गर्नेछन्, जहाँ मन्दिरका काम गर्ने पूजाहारी, पहरादार र अरू कारिन्दाहरूका बास गर्ने कोठाहरू छन्। हाम्रा परमेश्वरको भवनलाई हामी अवहेलना गर्नेछैनौं।"**

*यहूदी आम समुदायले देहायका मूल चार शपथ खाएका थिए:*

(१) अन्तरजातीय विवाह नगर्ने अर्थात् जुन जातका मानिसहरू मूर्तिपूजातिर ढल्केर सृष्टिकर्ता परमेश्वरप्रतिको आस्थालाई नै खलबलाएर सृष्टि नै भगवान हुन् भनेर पूजा गर्छन् र गर्न लगाउँछन्,

(२) साबथको सही पालना गर्ने अर्थात साबथमा ब्यापारको कारोबार नगर्ने,

(३) गरिबहरूलाई राहत दिन, तिनीहरूको हेरचाह गर्न र तिनीहरूलाई ऋणमुक्त गराउन ऋण मिनाहा गर्ने र सात वर्षको एक वर्ष साबथ मनाउने वर्ष पालन गर्ने,

(४) मन्दिर र मन्दिरमा हुने सेवाकार्यलाई थामिराख्न साथै धार्मिक कार्यको निम्ति छुट्याएका लेबी, पूजारी र कर्मचारीहरूलाई सम्हालि राख्न आर्थिकरूपमा सहयोग जारी राख्ने। त्यसको निम्ति बालिको पहिलो फसल, पहिला जन्मेका सन्तान वा पशु र दशांसभेटीहरू नियमितरूपमा ल्याउने ताकि परमेश्वरको सत्य आराधनाले निरन्तरता पाओस्।

प्रथम तिनवटा सपथहरू मानिस र मानिसको बीचको सम्बन्ध र परमेश्वरसँगको सम्बन्धसँग सम्वन्धित छ भने (साबथको पालना) अन्तिम चाहिँ मन्दिरमा गरिने विधिहरूलाई कायम गरिराख्ने विषयसँग सम्बन्धित छ (नहेम्याह १०:३२३९)।

जुन आमरूपमा वा सम्पूर्ण यहूदी समुदायले शपथ खाए त्यसको सामूहिक उद्देश्य थियो। करारप्रतिको एकता र समर्पण भएको तिनीहरूले

देखाउन चाहेका थिए। अनि परमेश्वरसँग र अरूसँग व्यवहारिकरूपमा सम्बन्ध कार्यान्वयन गर्न तिनीहरू कटिबद्ध थिए भनेर देखाउने तिनीहरूको मनसाय थियो। सिद्धरूपमा करारलाई सधैँ पालन गर्न नसकेतापनि ठिक आचरण, बानी व्यहोरा र व्यवहारले तिनीहरूको भविष्यलाई प्रभाव पार्छ भन्ने कुरा तिनीहरूले बुझेका थिए। यदि इस्राएल राष्ट्रले सही बाटोमा हिंड्न चाहेको छ भने तिनीहरूको मन, वचन, व्यवहार, भक्तिभाव र प्रतिवद्धतालाई कायमै राखेर चल्नु आवश्यक थियो। त्यसको निम्ति वातावरण तयार गर्ने काम ती यहूदीहरूको नै थियो। यदि मानिसहरू परमेश्वरको नजिक भएर चल्न चाहन्छन् भने तिनीहरूले साबथको गरिमालाई कायम राख्ने र मन्दिरको हेरचाह गरि राख्ने कामले नै तिनीहरू सही दिशामा गइरहेका छन् भन्ने देखाउँछ।

दुर्भाग्यवस, समय बित्दै जाँदा कतिपय इस्राएलीहरू आफूले खाएका शपथ अनुसार राम्रोसँग चलेनन्। नहेम्याहको अन्तिम अध्यायहरूले त्यसलाई पुष्टि गर्दछ। सबैजना शपथ खाए अनुसार नचलेतापनि धेरैजना आफ्नो शपथ अनुसार चलेका थिए। परमेश्वरको सहायता र हाम्रो दृष्टि उहाँमा राखिरहने कामले हामीमा ठिक आनिबानी वा आचारणको विकास गर्दै जान सक्छौं र कुन ठिक बाटोमा लाग्नुपर्ने हो सो बाटोमा लागिरहन सक्ने हुन्छौं।

**“चाहना वा इच्छालाई ठिक किसिमले कार्यान्वयन गर्न सकियोभने हाम्रो जीवनमा पूरा परिवर्तन ल्याउन सकिन्छ। यदि तपाईंको चाहना वा इच्छालाई येशू ख्रीष्टमा सुम्पिदिनु भयो भने तपाईंले आफैलाई त्यो शक्तिको पक्षमा उभिरहेको देखाउनुहुनेछ जुन शक्ति सबै शक्ति र प्रधान वा राज्यहरू भन्दा माथि छ। आफ्नो वचनमा कटिवद्ध भइरहन माथिबाटै तपाईंलाई बल मिल्नेछ। यसरी निरन्तररूपमा तपाईंले परमेश्वरमा समर्पित जीवन बिताइरहनुभयो तपाईं नयाँ जीवन बिताउन सक्नुहुनेछ त्यो जीवन उहाँप्रतिको आस्थाको जीवन नै किन नहोस्।"एलेन जी ह्वाइट, स्टेप्स टु क्राइस्ट, पृ. ४८बाट रूपान्तरित। यहाँ लेखिए अनुसार नचल्न तपाईंलाई कसले रोकिराखेको छ?**

## ५. परमेश्वरको पवित्र मन्दिर

यहूदीहरूको निम्ति परमेश्वरको मन्दिर र त्यसमा हुने विधिहरू अत्यन्तै महत्त्वपूर्ण र तिनीहरूले रक्षा गर्नुपर्ने धार्मिक सम्पदा भनेर तिनीहरूले मानेका

थिए। "परमेश्वरको मन्दिरलाई हामी वेवास्ता गर्नेछैनौं" भनेर तिनीहरूले किरिया खाएका थिए (नहेम्याह १०:३९)। इस्राएलीहरूको अस्तित्व र धार्मिक आस्थाको निम्ति यरुशलेममा रहेको पवित्र मन्दिर तिनीहरूको चिनारीमात्र होइन त्यसमा हुने विधिहरू तिनीहरूको बर्तमान र भविष्यको निर्धारण गर्ने थलो भएको थियो। त्यो मन्दिर तिनीहरूको सम्पूर्ण आस्थाको निम्ति किन महत्त्वपूर्ण हुन पुग्यो? हेर्नुहोस् नहेम्याह १०:३२-३९ फेरि "३२ वर्षेनी मन्दिरको खर्च चलाउन हामी प्रत्येकले करिब ५ ग्राम चाँदी दिनेछौं। ३३ मन्दिरको सेवाको निम्ति पवित्र रोटी, दैनिक अन्नबलि, होमबलिको लागि पशुहरू, विश्रामको दिन, औंसी र अरू चाड-पर्वमा चाहिने भेटीहरू, इस्राएलको प्रायश्चितका निम्ति पापबलि र अरू मन्दिरलाई चाहिने पदार्थहरू हामी दिनेछौं। ३४ व्यवस्थामा लेखेअनुसार बलि चढाउँदा चाहिने दाउरा इस्राएलका वंशले पालैपालो गरेर वर्षेनी दिनेछन्। पूजाहारी, लेवी र मानिसहरू सबै मिली, चिट्ठा हालेर, कुन वंशले दाउरा दिने हो, त्यो हामी वर्षेनी खटाउनेछौं। ३५ वर्षेनी आफ्ना जमिनमा बटुलेका पहिला अन्न र रूखमा फलेका अगौटे फलहरू मन्दिरमा परमेश्वरलाई चढाउनेछौं। ३६ हाम्रा परिवारमा जन्मेका जेठा छोरा व्यवस्थाअनुसार मन्दिरमा पूजाहारीकहाँ लगेर परमेश्वरलाई अर्पण गर्नेछौं। त्यसरी नै गाई-वस्तुका पहिला बाछो र भेडा-बाख्राका पहिला पाठा हामी अर्पण गर्नेछौं। ३७ वर्षेनी आफ्नो जमिनको पहिलो अन्नदेखि तयार गरेर मुछेको पिठो र हामीले चढाउनुपर्ने भद्राक्षको तेल, दाखमद्य र सबै प्रकारका फलहरू मन्दिरमा पूजाहारीकहाँ टक्र्याउनेछौं। गाउँमा दशौं हिस्सा उठाउन खटिएका लेवीहरूलाई हामी आफ्ना जमिनका उब्जनीको दशौं भाग दिनेछौं। ३८ दशौं हिस्सा उठाएको बेलामा हारून वंशका पूजाहारीहरू लेवीहरूसँग रहनेछन् र यसरी सङ्ग्रह गरेका दशौं हिस्साको भागबाट अर्को दशौं भाग निकाली ती लेवीहरूले मन्दिरमा चलाउनका लागि मन्दिरको ढुकुटीमा जम्मा गर्नेछन्। ३९ भेटीमा सङ्ग्रह भएका अन्न, दाख-मद्य र भद्राक्षको तेल, इस्राएली र लेवीहरूको मन्दिरको ठूल्ठूला कोठामा जम्मा गर्नेछन्, जहाँ मन्दिरका काम गर्ने पूजाहारी, पहरादार र अरू कारिन्दाहरूका बास गर्ने कोठाहरू छन्। हाम्रा परमेश्वरको भवनलाई हामी अवहेलना गर्नेछैनौं।" यसै सन्दर्भमा हिब्रू ८:१९ पनि पढ्नुहोस् "१ हामीले भनेका मुख्य कुरा पनि यिनै हुन्, हाम्रा यस्ता प्रधान पूजाहारी हुनुहुन्छ, जो स्वर्गमा परमेश्वरको सिंहासनको दाहिनेपट्टि बस्नुभएको छ। २ उहाँले महापवित्र स्थानमा प्रधान पूजाहारी भएर सेवा गर्नुहुन्छ। यो महापवित्र स्थानचाहिँ मानिसले होइन

**तर परमेश्वरले टाँग्नुभएको साँचो पाल हो। ३ सबै प्रधान पूजाहारीहरू परमेश्वरलाई दिएको भेटी र पशुबलि चढाउन खटिएका हुन्छन्। यसकारण हाम्रो प्रधान पूजाहारीले पनि केही कुरा त चढाउनैपर्‍यो। ४ उहाँ यस पृथ्वीमा नै हुनुभएको भए पूजाहारी बन्नुहुने थिएन किनभने व्यवस्थाले भनेझैं भेटी चढाउने पूजाहारीहरू त यहाँ अघिदेखि नै छँदैछन्। ५ तिनीहरूले गर्ने काम स्वर्गमा भएको साँचो कुराको नकल र छायाँ मात्र हो। मोशालाई पनि यस्तै गर्न अह्राइएको थियो, जसले पवित्र पाल बनाउन लाग्दा परमेश्वरले उनलाई यसो भन्नुभएको थियो, "हेर, तिमीलाई पहाडमा देखाइएको नमुनाजस्तै सबै कुरा बनाउनू।" ६ येशूलाई दिइएको पूजाहारीको काम ती अरू प्रधान पूजाहारीको कामभन्दा अझ ठूलो छ। त्यसरी नै परमेश्वर र उहाँका मानिसहरूबीच येशूले बाँध्नुभएको नयाँ करार पनि पहिले गरिएको पुरानो करारभन्दा ठूलो हो कारण यो करारमा अझ राम्रा कुराहरूको प्रतिज्ञा छ। ७ पहिलो करार अपूरो नहुँदो हो त दोस्रो करार बाँध्नु नै पर्नेथिएन। ८ तर परमेश्वरले आफ्ना मानिसहरूमा दोष भेट्टाउनुभयो अनि भन्नुभयो, "ती दिनहरू आउँदै छन्, परमप्रभु भन्नुहुन्छ, जब म इस्राएल र यहूदाका घरानासँग नयाँ करार बाँध्नेछु।"**

परमेश्वरको मन्दिरलाई हेरचाह गर्ने विषयमा इस्राएलीहरूले किरिया खाएका थिए। जनसंख्यामा इस्राएलीहरू अरूको दाँजोमा थोरै नै थिए। तिनीहरू बिदेशी राजाहरूको दमनमा थिए। तैपनि तिनीहरूले आफूसँग भएका थोरैमात्र किन नहोस् परमेश्वरको मन्दिरलाई थामी राख्न विषेश सहयोग गर्ने मात्र होइन त्यसको उन्नति र समृद्धिको निम्ति चाहिदो मात्रामा सबै थोक दिने बाचा पनि गरेका थिए। त्यसकारण प्रत्येक वर्ष मन्दिरमा हुने सेवाकार्यको निम्ति तिनीहरूले शेकेलको एक तिहाइ दिने निर्णय गरेका थिए। नत्र व्यवस्थाले निर्देशन गरे अनुसार केवल हिसाबकिताब मिलाउने बेलामामात्र दिइन्थ्यो। त्यसबेलाका यहूदीहरूले कानुनले निर्धारण गरे भन्दापनि उदार भएर मन्दिरको संरक्षणको निम्ति दिनुपर्छ भन्ने नीति लिएका थिए। फेरि आगोको बेदीमा आगो निरन्तररूपमा जलाई राख्न चाहिने दाउरा ल्याउन विशेष परिवारहरूलाई जिम्मा लगाइएको थियो। यदि व्यवस्थित ढंगले दाउरा ल्याइएन भने बेदीमा आगो बाल्ने प्रथा नै बिस्तारै हटेर जान सक्थ्यो।

खेतबारीमा आउने बाली वा फसलको पहिलो भाग, जन्मिने पहिलो बालक वा पशु, दशांस र भेटीहरू मन्दिरको सेवाकार्यका पक्षहरू थिए। पुजारी, लेबी र मन्दिरका कर्मचारीहरूले गर्ने सेवाकार्यको निम्ति ती थोकहरू

उपलब्ध गराइन्थ्यो। सबै दशांस लेबीहरूलाई दिइन्थ्यो। कुनै पनि दासबाट पहिलो बालक जन्मियो भने त्यसलाई पैसा तिरेर मुक्त गरिन्थ्यो। त्यसबाट आएको थप पैसा लेबीहरूलाई दिइन्थ्यो। तर लेबीहरूको दशांस पुजारीलाई दिइन्थ्यो।

इस्राएली राष्ट्रको निम्ति मन्दिर मुटुको धड्कन जस्तै थियो। तिनीहरूको आस्थाको केन्द्रविन्दु यरुशलेममा रहेको परमेश्वरको मन्दिर थियो। जब बेबिलोन वा आधुनिक इराकका राजा नेबुद्कनेजारले यरुशलेममा हमला गरेर मन्दिरलाई ध्वस्त पारे र त्यहाँ भएका पवित्र सामग्रीहरू लुटेर लगे तब इस्राएलीहरूको निम्ति अत्यन्तै ठूलो विपत्ति आइ परेको थियो।

जब मन्दिर उचित तवरले व्यवस्थापन गरिन्थ्यो तब सारा इस्राएली राष्ट्रमा आत्मिक जागृतिको लहर फैलिन्थ्यो। किनभने पापको समस्याको अन्तिम समाधान मन्दिरमा हुने बिधिहरूले मानिसहरूलाई औंल्याउँथ्यो। ती विधिहरूको केन्द्रविन्दु बलिप्रथा थियो जसले परमेश्वरको थुमा वा येशूको मृत्युलाई औंल्याउँथ्यो। जब येशू क्रुसमा मर्नुभयो तब बलिप्रथा र मन्दिरमा गर्ने सबै विधिहरूको औचित्य समाप्त भएको थियो ("१ यसकारण हामी विश्वासद्वारा परमेश्वरको सामु ठीक ठहरिएका छौं अनि हाम्रा प्रभु येशू ख्रीष्टद्वारा नै परमेश्वरसँग हाम्रो मिलाप भएको छ। २ उहाँले हामीलाई विश्वासद्वारा परमेश्वरको अनुग्रहमा ल्याउनुभएको छ। अहिले हामी त्यही क्षमा दिने अनुग्रहमा छौं। हामी परमेश्वरको महिमामा सहभागी हुने आशामा रमाउँछौं। ३ त्यति मात्र होइन, दुःखमा पनि हामी खुसी छौं किनभने दुःखले दुःख सहने शक्ति दिन्छ, ४ दुःख सहने शक्तिले हामीलाई पाको बनाउँछ। हामी पाको भएपछि आउँदो समयको लागि साहस र आशा पाउँछौं। ५ हामी यस आशामा निराश हुनेछैनौं किनभने परमेश्वरले पवित्र आत्मा दिनुभएको छ र पवित्र आत्माले हाम्रो हृदयमा परमेश्वरको प्रेम भर्नुभएको छ। ६ हामी आफैंले मुक्तिको निम्ति केही गर्न नसक्ने हुँदा नै ख्रीष्ट आफै नै हामी पापीको निम्ति ठीक बेलामा मर्नुभयो। ७ धर्मात्माको निम्ति कोही मुश्किलले मरिदेला। अति असल मानिसको सट्टामा पनि कसैले मर्ने साहस गर्ला। ८ तैपनि परमेश्वरले उहाँको प्रेम हामीलाई यसरी देखाउनुभयो, हामी पापी छँदै हाम्रा लागि ख्रीष्ट मर्नुभयो। ९ उहाँ बलिदान भएर आफ्नो रगतद्वारा हामीलाई परमेश्वरको सामु ठीक ठहराउनुभयो भने झन् बढी उहाँले हामीलाई परमेश्वरको क्रोधबाट बचाउनुहुन्छ। १० हामी परमेश्वरका शत्रु भएकै बेला

उहाँको पुत्र ख्रीष्टको मृत्युद्वारा परमेश्वरले हामीलाई आफ्नो मित्र बनाउनुभएको छ भने झन् मित्र हुँदा उहाँको जीवनले हामीलाई झन् बढी गरी बचाउँछ। ११ यति मात्र होइन हाम्रा प्रभु येशू ख्रीष्टले गर्दा हामी परमेश्‍वरको स्तुति गर्दै रमाउँछौं कारण ख्रीष्टले हामीलाई परमेश्वरसँग मिलाप गराएर आफ्नो मित्र बनाउनुभएको छ।" रोमी ५:१-११)।

प्रत्येक वर्ष मनाइने प्रायश्चितको दिन वा क्षमा पूजाको सेवाकार्यले यस संसारबाट अन्तमा खराब तत्वहरू हटाइने र पापको विध्वंसलाई समाप्त गर्ने परमेश्वरको योजनालई देखाउँदछ भनेर मानिसहरूलाई सिकाइन्थ्यो। अर्को अर्थमा भन्ने हो भने मन्दिरको अवस्थितिले सारा मुक्तिको योजनाको बारेमा प्रकट गरेको थियो। मन्दिरमा हुने विभिन्न सेवाकार्य वा विधि तथा संस्कारहरूलाई नियालेर हेर्न सकियो भने त्यसको धेरै अर्थ हामी बुझ्न सक्छौं साथै त्यसको आवश्यकताले परमेश्वरको बृहत चरित्रलाई देखाउँदै मानिसलाई पापबाट राहत दिने मुक्तिको योजनाको बारेमा झलमल पारेर प्रकट भएको हामी देख्न सक्छौं।

**"ख्रीष्ट येशू पापीहरूलाई नै बचाउन यस संसारमा आउनुभएको हो, यो सबैले मान्नुपर्ने उचित र विश्वासीलो कुरा हो। तिनीहरूमा मचाहिँ पापीहरूको सरदार हुँ।" (१ तिमोथी १:१५ रूपान्तरित)। संसार पापको आतङ्कमा डुवेपनि पावलको आशा के थियो? त्यसबाट हाम्रो आशालाई पनि कसरी जीवित राख्न सक्छौं?**

**उपसंहार: एलेन जी ह्वाइटद्वारा लिखित स्टेप्स टु क्राइस्टको पृ. ४३४८म रहेको अध्याय "कन्सिक्रेशन।"**

**"यरुशलेममा रहेको पवित्र मन्दिरमा हुने सेवाविधिहरू दुई भागमा** गरिन्थ्योः (त्यस मन्दिरमा पवित्र स्थान, र महापवित्र स्थान थियो जसलाई पर्दाले अलग गराइएको थियो)। पवित्र स्थानमा पुजारीहरू दिनदिनै सेवाकार्यहरू गर्दथे। वर्षको एक पटक प्रायश्चितको दिनमा वा डे अभ आटोन्मेन्टमा मुल पुजारी वर्षको एक पटक महापवित्र स्थानमा गएर विशेष सेवा कार्य गर्दथे। त्यसलाई मन्दिरको शुद्धीकरण भन्ने नाउँ दिइएको थियो। पश्चाताप गर्ने पापीले दिनदिनै मन्दिरको ढोकामा बलिको निम्ति पाठो ल्याउँथ्यो। पाठोको शिरमा हात हालेर पापीले आफ्नो पाप स्वीकार गर्थ्यो। त्यसको अर्थ आफ्नो पाप आफूबाट पाठोमा सारिएको भन्ने हुन्थ्यो। अनि

पाठोलाई मारिन्थ्यो। "रगत नबगाएसम्म पापको क्षमा हुँदैन" भनेर पावल स्पष्ट पार्दछन्। "शरीरको जीवन रगतमा हुन्छ" लेबी १७:११। परमेश्वरको व्यवस्थालाई तोडिएको हुनाले वा त्यसको अवज्ञा गरिएको हुनाले पापीको ज्यानको माग गरिएको थियो। पापीको पापलाई थुमाले बोक्छ भनेर थुमाको बलिले देखाएको थियो। पाठोको रगतले पापीले आफ्नो ज्यान बलि दिएको भन्ने मानिन्थ्यो। पुजारीले त्यो थुमाको रगत लिएर पर्दामा छर्कि दिन्थ्यो। त्यो पर्दाले पवित्र स्थान र महा पवित्र स्थान छुट्याउँथ्यो। महापवित्र स्थानमा दश आज्ञाको पाटी थियो। पापीले त्यस दश आज्ञालाई उलङ्घन गरेको हुन्थ्यो। पापीको पाप रगतद्वारा मन्दिरमा सारियो भनेर पुजारीले गर्ने विधिको प्रतीकले देखाउँथ्यो। कुनै मामिलामा पुजारीले रगतलाई पवित्र स्थानमा लग्दैनथ्यो तर पुजारीले पाठोको मासु खानुपर्थ्यो। हारुनका छोराहरूलाई मोशाले यो निर्देशन दिएका थिए, "विश्वासी समूहको पापको बोझ तिमीहरूले बोक्न परमेश्वरको आज्ञा हो।" लेबी १०:१७। दुवै विधिले पश्चाताप गरेको पापीको पाप मन्दिरमा सारियो भनेर प्रतीकको रूपमा देखाउँथ्यो।"एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ४१८बाट रूपान्तरित।

**चिन्तनमनन्:**

**अ. तपाईंले कतिपय समयमा केही काम गर्न, कहीं जान, कसैलाई भेट्न जस्ता प्रतिज्ञा गर्नुभयो होला। ती प्रतिज्ञाहरू पूरा गर्न तपाईंको मनले इमान्दारिताकासाथ प्रण वा भाकल गर्नुभयो होला। तर कतिपय समयमा तपाईंले गर्नुभएको प्रतिज्ञाहरू पूरा गर्न नसक्दा ती प्रतिज्ञाहरू केवल बालुवाका सिक्री जस्ता हुन जान्छन्। तर तपाईंले ती अनुभवहरूबाट के सिक्नुभयो जसले गर्दा तपाईंको वचन फेरि खेर नजाओस् भनेर आफूले बोल्नुपर्ने कुरामा तपाईंलाई उच्च सतर्कता अपनाउन सहयोग गर्दछ?**

**आ. करार बाँध्नु भनेको सम्बन्ध स्थापनालाई कानूनीरूप दिनु हो। परमेश्वरसँग गरिएको करार वा सम्झौता (विशेष गरेर बप्तिस्माको समयमा खाएको शपथ) कतिपय अवस्थामा हामी भङ्ग गर्दछौं। उहाँप्रति हामी बफादार नभएतापनि हामीप्रति उहाँ सधैं बफादार हुनुहुन्छ। हामीप्रति परमेश्वरले चाहनुभएको उच्च हित वा भलाइ र देखाउनुभएको विश्वसनियताले हामीले पनि उहाँसँग र अरू**

मानिसहरूसँग पनि त्यहीं समझदारीमा चल्नुपर्छ भन्ने कुरामा कसरी सहमत हुन सक्छौं जसले गर्दा हामी परमेश्वरकै इच्छा अनुसार जिउन सक्षम बन्न सक्छौं?

इ. परमेश्वरसँग हामीले गरेको "नयाँ करार"को शपथलाई कतिपय समयमा लत्याइ दियौं होला यसको वारेमा पनि सोच्नुहोस्। (नयाँ करारको शपथले यो बताउँछ "त्यसै गरी खाएपछि उहाँले कचौरा लिएर चेलाहरूलाई दिंदै भन्नुभयो, "यो कचौरा मेरो रगतमा बाँधेको नयाँ वाचा हो। यो रगत तिमीहरूको निम्ति बगाइएको छ।" लूका २२:२०, हिब्रू ८:१३ "नयाँ करार भन्नेबित्तिकै परमेश्वरले पहिले बाँध्नुभएको करारलाई पुरानो ठहऱ्याउनुभयो। पुरानो भएर खिइँदैगएको कुरा चाँडै नाश पनि भएर जानेछ।"हिब्रू ८:१३ र "परमेश्वरले प्रतिज्ञा गर्नुभएको सधैंभरि रहिरहने आशिष्हरू उहाँद्वारा बोलाइएकाहरूले पाऊन् भनेर नै यो नयाँ करार मिलाउनुहुने ख्रीष्ट हुनुहुन्छ। पहिलो करारको बेलामा मानिसहरूले गरेका अपराधबाट अब छुटकारा पाइन्छ किनभने यही कामको लागि उहाँ मरिसक्नुभएको छ।" हिब्रू ९:१५)। येशू ख्रीष्टको बलिदानले मुक्तिको योजनालाई बुझाउने भएकोले र उहाँमा नै हाम्रो पापको क्षमा उपलब्ध हुन्छ भन्ने आत्मज्ञान हाम्रो निम्ति किन महत्त्वपूर्ण छ? उहाँकै रगतले हाम्रो निम्ति "नयाँ करार"मा लालमोहर लगाएको छ भन्ने शिक्षा बुझ्न किन अत्यन्तै जरुरी छ?

*कथा ८*

## *भलिबल खेलेर सुसमाचार प्रचार, विलसन मिजापोगु*



मान बहादुर राई र उनका परिवार भारतको सिमानामा जोडिएको प्रदेशको एउटा गाउँमा बस्दछन्। उनको घर वरिपरि छवटा माटाका भाँडाहरू राखिएका थिए। ती भाँडाहरू दुष्ट आत्माहरू रहून भनेर राखिएका थिए। जब आमाले भात पकाउँथिन् तब उनले केही भात ती भाँडाहरूमा राखिदिन्थिन्। त्यो भात ती दुष्ट आत्माहरूले खान्छन् भनेर उनी विश्वास गर्थिन्। यदि कुनैदिन एउटा भाँडोमा खानेकुरा राख्न विर्सिएमा पूरै परिवारलाई खाएको कुरा अपच वा अरू कुनै नराम्रो रोगले सताउँनेछ भनेर उनी डराउँथिन्।

मानबहादुरका बाबुआमा गाउँकै प्रख्यात झाँक्री थिए। गाउँका कोही मानिसहरूमा रोग बिमार लाग्यो भने तिनीहरू मानबहादुरको घरमा झारफुकका लागि आउँथे। तिनीहरूले तन्त्रमन्त्र गरेर दुष्ट आत्मा धपाएर रोग निको पार्न सक्छन् भन्ने गाउँलेहरूमा विश्वास थियो। तिनीहरूले नदेखिएको परमेश्वर येशूको त नाउँ पनि सुन्न चाहेका थिएनन्। तिनीहरू त देखिने काठको, फलामको वा ढुङ्गाको देवताहरूलाई मात्र पूजा गर्न मनपराउँथे।

क दिन १८ वर्षको मान बहादुर कामगरेर घर फर्किंदै थियो एउटा घरमा कन्याकेटीबाट बालक जन्मेको कथा कसैले भनिरहेको उसले सुन्यो। यस्तो हुँदै नहुने कथा कसले पढिरहेको छ भनेर उसले अचम्म मान्यो। अनि कथा पढिरहेको घरमा पस्यो। त्यहाँ एक जनाले कालो किताब पढिरहेको उसले देख्यो। त्यहाँ घरेलु सङ्गति भइरहेको थियो। सङ्गतिपछि मानबहादुरले त्यो किताब पढ्ने व्यक्तिसँग कस्तो अनौठो कुरा सिकाइरहेको भनेर विवाद गर्यो। पाहुना भएर आएका सेभेन्थ-डे एडभेन्टिस्ट पास्टरले मान बहादुरसँग वादविवाद गरेनन् बरू मुसुक्क हाँसेर भोलि बेलुका पनि आउन आमन्त्रण गरे। एक हप्ताको बाइबल अध्ययन पछि मान बहादुरले पनि बाइबल पायो। बाइबलमा लेखिएको कुरा आफ्नो धर्मसँग नमिल्ने भएकोले त्यो गलत पुस्तक हो भनेर प्रमाणित गरेर देखाउन मानबहादुरले बाइबल पढ्न थाल्यो। तर

उसले जति बाइबल पढ्यो त्यति नै उसमा येशू नै जीवित परमेश्वर हुन् भन्ने कुराको विश्वास जाग्यो। अन्तमा उसले आफ्नो हृदय येशूलाई सुम्पियो।

जब उसले मैले त येशूलाई विश्वास गरें भनेर बुबालाई सुनायो तब उसका बुबाआमा रिसले चुर भए। तिनीहरूले आफ्नो छोरालाई बेस्सरी कुटे र घरबाटै निकाली दिए।

मानवहादुरकी आमा रातभरि रोइन्। भोलिपल्ट आफ्नो छोरो कहाँ छ उसलाई खोजेर एउटा पाठो दिएर भएपनि बोलाइ दिनु भनेर साथीलाई अनुरोध गरिन्। मान बहादुर त्यो पाठो पाएर अत्यन्तै खुशी भयो र प्रार्थना गर्यो । प्रार्थना गरेपछि त्यो पाठो बेचेर भलिबल र जाली किन्न भनि मनभित्र कसैले उसलाई घच्घचायो। पाँच गाउँको बीच चौरमा उसले भलिबल खेल्न भनि जाली टाँग्यो र त्यहा एक्लै पनि खेल्न थाल्यो। अनि केही युवाहरू त्यतातिर आएर तिनीहरू पनि उसँग खेल्न मिल्छ कि भनेर भन्न थाले। "हुन्छ आऊ, तर तिमीहरू सवैले बाइबलको पद कण्ठ गर्नुपर्छ" भन्ने शर्त मान बहादुरले राख्यो।

ती जवानहरू खुशीसाथ ती बाइबलका पदहरू कण्ठ गर्दै भलिवल खेल्न थाले। जब तिनीहरू खेल्न थाले त्यसपछि गाउँका अरू युवाहरू पनि थपिए र बाइबलको पद कण्ठ गर्दै भलिबल खेल्दै नर्न थाले। जब एउटा खेल सकियो तब अर्को खेल पनि सुरू गर्न मानबहादुरसँग ती युवाहरूले अनुरोध गरे। "हुन्छ , तर तिमीहरूले परमेश्वरको बारेमा गीत पनि सिक्नुपर्छ" भनेर मानबहादुरले भन्यो।यसरी केही समयपछि नै ती युवाहरूले बाइबलका धेरै अंशहरू कण्ठ गरे र भजनहरू पनि गाउन थाले।

जब मैले बाइबल सिकाउने कक्षा संचालन गर्छु भनेर सुनाए तब पहिलो दिनमै उसले आफ्नो कथा मलाई भन्यो। त्यसबेला उसले उसँग रहेका तिन जना युवाहरूलाई पनि मसँग चिनायो। "ती भाइहरूले भलिबल खेलेरै सुसमाचार सुनेका थिए। तिनीहरूले येशूलाई ग्रहण गरेका छन् र तिनीहरू पनि बाइबल सिकाउने कार्यकर्ता हुन चाहन्छन्" उसले भन्यो।

घरबाट निकालिएको मानबहादुर जो फोटोमा हसिलो मुहार लिएर बसिरहेको छ, धार्मिक ग्रन्थमा निपूर्ण त छैन। तर परमेश्वरको सदा रहिरहने राज्यमा रहन नयाँ नयाँ परिवारहरू बनाउन आफ्नो गाउँमा ऊ सक्रिय छ।

*यस कथाका लेखक डाक्टर विल्सन मिसापोगु सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको साउथरन एशिया डिभिजनको मुख्य सचिब हुनुहुन्छ। फोटोमा उहाँ टाइ लगाएर बस्नुभएको छ।*